# उन्नाईसौ वार्षिक साधारण सभाको
# निर्णय (माईन्युट) को बिवरण

## महालक्ष्मी विकास बैंक लिमिटेड
## केन्द्रीय कार्यालय
## दरबारमार्ग, काठमाडौ

## महालक्ष्मी विकास बैंक लिमिटेडको उन्नाईसौ वार्षिक साधारण सभाको निर्णय

१ कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम यस महालक्ष्मी विकास बैंक लि.को उन्नाईसौ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायज्युको अध्यक्षतामा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल र निर्णय गरीयो ।

२ **सभाको मिति, समय र स्थान**

मिति : २०७७ साल चैत्र १३ गते शुकबार (तद्अनुसार मार्च २६, २०२१)

समय : बिहानको १०:०० बजे ।

स्थान : महालक्ष्मी विकास बैंक लि.को रजिष्ट्रर्ड कार्यालय दरबारमार्ग, काठमाडौं ।

सभा सम्पन्न : बिहानको ११.५० बजे

३. **सभाको सुचना प्रकाशन**

(क) यस बैंकको संचालक समितिको मिति २०७७/११/२० (तदअनुसार ४ मार्च, २०२१) गते बसेको सञ्चालक समितिको ४७८ औ बैठकको निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको प्रतिबेदन सहितको वार्षिक साधारण सभाको सुचना शेयरधनी महानुभावहरुले उपलब्ध गराएको ठेगानामा पठाई सो बमोजिमको जानकारीका लागी बैंकको वेभसाईड www.mahalxmibank.com मा र मिति २०७७/११/२१ गतेको अन्नपुर्ण राष्ट्रिय दैनिक तथा पुन : मिति २०७७/१२/४ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रीकामा विषयसुची सहितको सूचना प्रकाशित भएको थियो ।

(ख) कम्पनी ऐन २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिबेदन, कम्पनीको वित्तीय बिबरणहरु, साधारण सभा बस्ने बारेको प्रकाशीत सार्बजनिक सुचनामा शेयरधनीहरुको जानकारीका लागी बित्तीय बिबरण समेत प्रकाशीत गरीएको साथै शेयरधनीहरुको ठेगानामा समेत पठाईएको ।

(ग) साधारण सभामा पर्यबेक्षकको रुपमा उपस्थितिका लागी श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि, र श्री सिडिएस एण्ड क्लियरीङ्ग लि.लाई अनुरोध गरी पत्राचार गरीएको ।

(घ) आमन्त्रीतको रुपमा लेखापरीक्षक श्री T.R Upadhya & Co Chartered Accountants लाई अनुरोध गरी पत्राचार गरीएको ।

४. **छलफलका विषयहरुः-**

(१) **सामान्य प्रस्ताव**

(क) अध्यक्षज्युको मन्तब्य सहित उन्नाईसौ बार्षिक साधारण सभा (आ.व.२०७६/०७७) को प्रयोजनका लागी सञ्चालक समितिको बार्षिक प्रतिवेदन पारीत गर्ने ।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ साल आषाढ मसान्तको वासलात, तथा आ.ब. २०७६/०७७ को नाफानोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका बित्तीय बिबरण सहितका अनुसूचीहरु पारीत गर्ने ।

(ग) कम्पनी ऐनको दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ बमोजिम आर्थिक वर्ष २०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (T.R Upadhya & Co Chartered Accountants) पुनः नियुक्ति हुन योग्य हुनुहुन्छ ) ।

(घ) सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि तथा थप गर्ने ।

(ङ) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७६/०७७ को मुनाफा तथा संचित रकमबाट बैंकको हाल चुक्ता पूंजीको ०.४६ (दशमलव पछि २ अंक मात्र उल्लेख गरिएको) प्रतिशत अर्थात रु १,४२,२८,४९४/–(एक करोड बयालीस लाख अट्ठाईस हजार चार सय चौरानब्बे) बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

(२) **विशेष प्रस्ताव**

(क) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७६/७७ को मुनाफा तथा संचित रकमबाट शेयरधनीहरुलाई हाल कायम रहेको चुक्ता पूंजीको ८.८० (दशमलव पछि २ अंक मात्र उल्लेख गरिएको) प्रतिशत अर्थात रु.२७,०३,४१,३९६।– (अक्षरेपी सत्ताईस करोड तिन लाख एकचालीस हजार तिन सय छयाानब्बे) बराबरको बोनस शेयर जारी गर्न स्विकृति प्रदान गर्ने ।

(ख) विकास बैंकको सञ्चालक समितिको निर्णय तथा ने.रा.बैंकको मिति २०७७/११/१७ को स्वीकृत पत्र बमोजिम शेयर स्वामित्व परिवर्तन गरी संस्थापक समूहको ५१ प्रतिशत र सर्वसाधारण समुहको ४९ प्रतिशत कायम गर्ने प्रस्ताव पारित गर्ने (हाल संस्थापक शेयरधनीको स्वामीत्व ५२.४९ र सर्बसाधारण शेयरधनीको स्वामीत्व ४७.५१ प्रतिशत कायम रहेको) ।

(ग) विकास बैंकले सहायक कम्पनी स्थापना गरी विभिन्न थप सेवा प्रवाह गर्न सक्ने वा सहायक कम्पनी मार्फत लगानी गर्नसक्ने गरी विकास बैंकको प्रबन्धपत्रमा उद्देश्य प्राप्त गर्ने कार्यहरु थप गर्ने ।

(घ) विकास बैंकको सञ्चालक समितिको बैठक, साधारण सभा लगायतका बैठक तथा सभाहरु विद्युतीय माध्यमबाट समेत गर्न सक्ने गरी विकास बैंकको नियमावलीमा आवश्यक संशोधन, परिमार्जन तथा थप ब्यवस्थाहरु कायम गर्ने ।

(ङ) ऋण तथा डिबेन्चर उठाउन वा आवश्यकता अनुसार जारी गर्न सक्ने र हकप्रद शेयरको हक हस्तान्तरण गर्न सक्ने सम्बन्धी ब्यवस्था नियमावलीमा संशोधन गर्ने तथा थप गर्ने ।

(च) प्रबन्धपत्रको दफा ४ को अ: ४, र अ: ५, दफा ५ (ख), (ग), दफा ५ (घ) (१) (२), दफा १२, नियमावलीको नियम ४ (३) नियम १० (२) नियम २९ (ख) को १, २, नियम २९ (घ) को (अ) (आ), नियम ३३ को (२) (३) र नियम ४३ समेतका दफा, नियमहरुमा संशोधन, थप तथा परिमार्जन गर्ने ।

(छ) यस महालक्ष्मी बिकास बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा प्राप्ती/गाभ्ने वा गाभिने (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक वित्तीय संस्था पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निबेदन दिने, बैंकको चल, अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्त्ता, लेखापरीक्षक नियुक्त गर्ने, र निजको पारिश्रमीक निर्धारण गर्ने, तथा Acquisition/Merger संग सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

(ज) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन, परिवर्तन वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र तथा

नियमावलीमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

(झ) विविध ।

५. **सभामा उपस्थिति**

(क) **सञ्चालकहरुको उपस्थिति**

| | |
|---|---|
| श्री राजेश उपाध्याय | अध्यक्ष |
| श्री संजय गिरी | सञ्चालक |
| श्री राजेश कुमार रौनीयार | सञ्चालक |
| श्री श्याम सुन्दर रुंगटा | सञ्चालक |
| श्री रुपेन्द्र पौडेल | सञ्चालक |
| श्री राहुल अग्रवाल | सञ्चालक |

(ख) **अन्य पदाधिकारीको उपस्थिति**

| | |
|---|---|
| श्री वोधराज देबकोटा | प्रमुख कार्यकारी अधिकृत |
| श्री सोमराज पन्त | कम्पनी सचिव |
| श्री दिपेश लम्साल | बरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत |
| श्री ध्रुवराज तिवारी | नायब प्रमुख कार्यकारी अधिकृत |
| श्री जलज कुमार शर्मा | सहायक प्रमुख कार्यकारी अधिकृत |
| श्री वेद प्रकाश रावल | संस्थागत शेयरधनि प्रतिनिधि–कर्मचारी संचय कोष |

(ग) **शेयरधनीहरुको उपस्थिति**

| | |
|---|---|
| १. उपस्थित शेयरधनीहरुको संख्या | : २२२ जना |
| (क) शेयरधनी स्वंयमबाट | : ३७ जना |
| (ख) शेयरधनी Virtual Zoom बाट | : ३८ जना |
| (ग) प्रतिनिधि (प्रोक्सी) बाट | : १४७ जना |
| २. शेयरधनिहरुको उपस्थिति प्रतिशत | : ०.३०९४ प्रतिशत |
| ३. शेयरको प्रतिनिधित्व संख्या | : १,७१,१७,१८६ कित्ता |
| ४. शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | : ५५.७१८८ प्रतिशत अर्थात २२२ जना |

(घ) यस बैंकको मिति २०७७/१२/०२ सम्ममा शेयर कारोबार भई सहभागी हुन पाउने शेयरधनीहरु संस्थापक तथा सर्वसाधारणको कुल संख्या ७१,७३९ मध्ये शेयरधनीहरु स्वंयम ३७, शेयरधनी Virtual Zoom बाट ३८ जना तथा प्रतिनिधि (प्रोक्सी)मार्फत १४७ जनाको उपस्थिति रहेको थियो ।

६ **गणपुरक संख्या**

| बिवरण | कुल संख्या | स्वंयम उपस्थिति | शेयरधनी Virtual Zoom बाट | प्रतिनिधि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| शेयरधनि संख्या | ७१,७३९ | ३७ | ३८ | १४७ | २२२ | ०.३०९४ |
| कम्पनीको शेयर संख्या | ३,०७,२०,६१३.२८ | २,९८,६५५ | ५,८६,०९० | १,६२,३२,४४१ | १,७१,१७,१८६ | ५५.७१८८ |

७. **सभाको बैधानिकता तथा सभापतित्व :-**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम बिकास बैंकको उन्नाईसौ औ वार्षिक साधारण सभा बोलाईएको र कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा बिकास बैंकको नियमावलीको नियम (५) बमोजिम बाडफाड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित भएमा गणपुरक संख्या पुग्ने प्रावधान रहे अनुरुप शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या उपरोक्त ऐन र बैकको नियमावलीमा उल्लेख भए बमोजिम प्रचलित कानुन अनुसार भर्च्युल (Video Conference) मार्फत सञ्चालन भएको साधारण सभामा गणपुरक संख्या पुगेको ब्यहोरा अध्यक्षको आदेशानुसार कम्पनी सचिवले सभालाई अवगत गराउनु भयो, साथै सभाले गणपुरक संख्या पुगेको मन्जुर गर्दै पुर्ब सुचित सभाको निर्धारीत बिषयसुचीको क्रमानुसार जान र तत सम्बन्धमा बैंकको नियमावली तथा प्रचलित कानुन बमोजिम सभा सञ्चालन गरी कार्यबाही बढाउन सभाले अनुमती दियो ।

८. **सभाको अध्यक्षता र सभा सञ्चालन**

कम्पनी ऐन २०६३ को दफा ७४ को उपदफा १ बमोजिम साधारण सभाको अध्यक्षता बैंक सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायज्युबाट भयो । कम्पनी सचिवले अनुरोध गरे बमोजिम अध्यक्षज्यु लगायत सञ्चालकज्युहरुले सभामा आसन ग्रहण गर्नुभयो । तत पश्चात अध्यक्षज्युबाट सभा सञ्चालन भयो ।

९. **स्वागत मन्तब्य**

बिकास बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री वोधराज देबकोटाले सभामा स्वयम उपस्थित हुनु भएका र भर्च्युल (Video Conference) मार्फत उपस्थित हुनुभएका सम्पुर्ण शेयरधनी महानुभावहरु उपस्थित सबैलाई हार्दीक स्वागत गर्दै कोभिड-१९ को प्रतिकुलतालाई मध्यनजर गर्दै virtual Zoom माध्यमवाट संस्थाको १९ औं वार्षिक साधारणसभा आयोजना गरेका छौं । संस्थामा मेरो भरखरै प्रवेश भएको छ । बैंकको समग्र स्थितिलाई अध्ययन गर्दा बैंक अत्यन्त सवल अवस्थामा रहेको र विगतका बर्षहरुमा पनि बैंकले राम्रो प्रतिफल दिन सकेको छ । कोभिड-१९ को प्रतिकूलताको कारण यस बर्ष सिंगल डिजिटमा मात्र प्रतिफल दिन सकेकोमा आगामी बर्ष डबल डिजिटमा प्रतिफल दिने कोशीसमा लाग्ने छौ । सो अनुरुप समयानुकूलको कार्ययोजनाहरु तयार गरी अगाढी बढ्न द्रुत गतिमा काम शुरु गरिसकेका छौं भन्ने आफ्नो स्वागत मन्तब्य सहितको भनाई राख्नु भयो ।

१०. **सभाको उद्घाटन**

उन्नाईसौ वार्षिक साधारण सभाको उदघाट्न बैंक सञ्चालक समितिका अध्यक्ष तथा यस सभाका अध्यक्ष श्री राजेश उपाध्यायज्युबाट पानसमा दिप प्रज्वलन गरी गर्नुभयो ।

११ **अध्यक्षज्युको मन्तब्यको मुख्य बुदाहरु**

बैंकिङ्ग क्षेत्रमा रहेको तीव्र प्रतिस्पर्धाका वाबजुद पनि यस महालक्ष्मी विकास बैंकले वित्तीय क्षेत्रमा आफ्नो सफल तथा फरक पहिचानलाई निरन्तरता दिन सक्षम रहेको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

बिश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण नेपालमा पनि आर्थिक क्रियाकलापहरु प्रभावित हुन गएकोले यस बैंकको आर्थिक बर्ष २०७६/७७ को कार्यसम्पादनमा समेत प्रतिकुल असर पर्न गई व्याज आम्दानी असूली हुन नसकेको, निस्कृय कर्जा बढ्न गएको र ने.रा. बैंकको निर्देशन बमोजिम ऋणीहरुलाई दिईएको व्याज छुटका कारण आम्दानीमा केही संकुचन आएको छ ।

बैंकले आ.व.२०७६/७७ मा रु.४० करोड ३५ लाख खुद मुनाफा आर्जन गरी शेयरधनीहरुलाई ८.८० प्रतिशत वोनस सेयर र ०.४६ प्रतिशत नगद लाभांश (वोनस सेयरमा लाग्ने कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव गरेका छौं । वोनस शेयर जारी भए पश्चात बैंकको चुक्ता पूंजी रु.३,३४,२४,०२,७२४/- हुनेछ । हाल बैंकको शाखा संख्या १०३ पुगेको छ । गत आ.व.मा बैंकले शाखा सञ्जाल बिस्तार गर्ने लक्ष्य लिएकोमा कोभिड १९ का कारण शाखा बिस्तारको कार्यमा केहि सिथिलता आए पनि शाखा बिस्तारको कार्यलाई निरन्तरता दिँदै जानेछौ । यस बैंकलाई अग्रणी विकास बैंकको रुपमा स्थापित गर्दै आगामी दिनमा शेयरधनीहरुलाई उचित प्रतिफल दिने कोशिसका साथ कार्य गरिरहेका छौं ।

आगामी दिनहरुमा प्राप्त अवसरहरुलाई सहि उपयोग गर्दै ग्राहकहरुको सन्तुष्टि एवं लगानीको उचित प्रतिफल प्रदान गर्न आफ्ना क्रियाकलापहरुलाई बिशिष्टीकरण गर्दै अझ बढि सक्षमताका साथ गुणस्तरीय बित्तीय सेवा प्रदान गर्ने प्रतिबद्धता ब्यक्त गर्दछौं । यसका साथै हामीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत हाम्रो समुदायहरुको दिगो आर्थिक र सामाजिक विकासको प्रवर्द्धन गर्न योगदान गर्दै आइरहेका छौं र यसलाई निरन्तरता दिने नै छौं ।

सूचना प्रविधि नै आधुनिक प्रविधिको उत्कृष्ट माध्यम भएको साथै आधुनिक बैंकिङ्ग तथा ग्राहकवर्गहरुको सन्तुष्टिको मूख्य आधार सूचना प्रविधि नै भएको कुरालाई मनन गर्दे समय सापेक्ष सूचना प्रविधिको विकास गर्दै लगिने, संस्थालाई सबल र विस्वसनिय बनाउनको लागि आवश्यक उत्कृष्ट प्रविधि, जोखिम व्यवस्थापन, कर्मचारी व्यवस्थापन तथा उत्कृष्ट सुविधाहरुमा विशेष जोड दिईनेछ । कर्मचारी ब्यवस्थापनलाई यस बर्ष बिशेष प्राथमिकतामा राखीनेछ । यस बैंकको पुँजिगत आधारलाई बलियो राख्नको लागी मर्जर वा प्राप्ती लगायत पुँजि बृद्धि गर्ने उपायहरु अवलम्बन गर्ने छौ ।

हामि उत्कृष्ट र विश्वासिलो विकास बैंक बन्ने उद्देश्य लिएर अगाडि बढीरहेका छौं **"सबल बैंक सफल सहकार्य"** भन्ने नारालाई चरितार्थ बनाउन कार्ययोजना बनाई कार्य गरिरहेका छौ । कोभिड-१९ को प्रभाव पश्चात देशको अर्थतन्त्र चलायमान हुन गई बैंकिङ्ग क्षेत्रको गतिबिधी बढ्ने आशा गरेका छौं । यस संस्थाको सवै आधारभूत सुचकाङ्कहरु स्वस्थ रहेको तथा **"To be the most trusted Bank "** भन्ने हाम्रो vision मा प्रगति भैरहेको छ ।

यस संस्थाका पूर्व अध्यक्षहरु क्रमश : स्व श्री लक्ष्मण बावु श्रेष्ठ, स्व : श्री अशोक श्रेष्ठ र स्व : श्री नवराज बहादुर सिंहको स्मृतिमा वहांहरुको नामवाट ३ जना जेहन्दार तथा आर्थिक स्थिति कमजोर भएका विद्यार्थीहरुका लागि संस्थागत रुपमा पुरस्कार वितरण गर्ने योजना बनाएका छौ ।

बैंकले हालसम्म हासिल गरेका उपलब्धिहरु तथा गतिविधिहरुका बारेमा संचालक समितिको वार्षिक प्रतिवेदनमा विस्तृत रुपमा उल्लेख गरिएको ब्यहोरा जानकारी गराउदछु ।

१२ **सभामा प्रतिबेदन सहित पेश भएका प्रस्ताव र छलफलका लागी आहवान**

आज बसेको बैंकको उन्नाइसौं बाषिक साधारण सभाको अध्यक्षता गर्नु हुने कम्पनीका अध्यक्ष श्री राजेश उपाध्यायज्यूले सभामा उपस्थित सबै महानुभावहरुलाई *स्वागत गर्दै आफ्नो मन्तव्य सहित* आ.व २०७६/७७ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ साल आषाढ मसान्तको वासलात, तथा आ.ब.२०७६/७७ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु, आर्थिक वर्ष २०७७/७८ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण, लगायत सभामा पेश गरीएका सामान्य प्रस्ताव र बिशेष प्रस्तावका बिषयहरु छलफलका लागी सभामा पेश भएकाले सो उपर

छलफलमा भाग लिन र यस बैकको कारोबार सम्बन्धी बिबिध पक्षहरुमा आफ्नो विचार मन्तब्य तथा जिज्ञासाहरु ब्यक्त गर्नका लागी शेयरधनीहरुलाई सामुहिक अनुरोध गर्नुभयो ।

१३. **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु**

यस बैंकको काम कारबाही, बार्षिक हरहिसाब, तथा बार्षिक प्रतिबेदनमा रहेका बिभिन्न प्रस्तावहरु माथी Virtual Zoom बाट बोल्नु हुने शेयरधनी महानुभावहरु क्रमस : (क) श्री अमृतनाथ रेग्मी (ख) श्री मोतिलाल बोहरा (ग) श्री गोविन्द वहादुर राई (घ) श्री शत्रुघन श्रेष्ठ (ङ) श्री दामोदर रेग्मी (च) श्री अमिर दाश रंजित (छ) श्री राम गोपाल महर्जन (ज) श्री नारायण सुन्दर श्रेष्ठ (झ) श्री जितेन लिम्बु (ञ) श्री कृष्ण प्रसाद अधिकारी (ट) श्री नरसिंहलाल चखूं (ठ) श्री कष्ण प्रसाद घिमिरे (ड) श्री लवराज जोशी तथा सभास्थलमा उपस्थित भई Virtual बाट आफ्नो मन्तव्य राख्नुहुने श्री अशोक उप्रेती र श्री चन्द्र नारायण श्रेष्ठले सभामा ब्यक्त गर्नु भएको राय, सल्लाह, सुझाव तथा शेयरधनीहरु श्री नरसिंह लाल चखूं, श्री कृष्ण प्रसाद अधिकारी तथा श्री चन्द्र नारायण श्रेष्ठले लिखित रुपमा पेश गर्नु भएको राय सुझावहरु समष्टिगत रुपमा निम्न बमोजिम रहेका छन् ।

बिश्वब्यापी रुपमा फैलिएको कोभिड-१९ मा समेत समग्र रुपमा बैंकको आर्थिक स्थिति राम्रो रहेकोले सञ्चालकहरुलाई धन्यवाद छ । बिगतमा संस्था जे जस्तो अवस्थामा भएपनि अहिले संस्था धेरै अगाडि बढेको छ । सफल बैंक सफल सहकार्यको नारालाई बैंकले सार्थक बनाएको छ । अन्य संस्थाहरुको प्रतिवेदनलाई समेत हेरी अध्यक्षज्यूको प्रतिवेदनमा मिति उल्लेख गर्न, जारी पूंजीलाई फ्रयाक्शनमा नराखि नजिकको एक अंकमा समायोजन गर्न, प्रतिवेदनमा उल्लेख गरिएका शाखाहरुको नाम अल्फावेट अनुसार राख्न सुझाव दिनुभयो । बैंकले आगामी बर्ष अझ बढी प्रतिफल दिनेमा आशावादी छौं । रिजर्भमा रकम राख्नु पर्दा नाफा केही घटेको भन्ने लागेको छ । बैंकको कर्जा असुली प्रकृयालाई अझ बढी जोड दिनुपर्ने देखिन्छ । शेयरमा गरेको लगानीमा नोक्शान भएको देखिएको छ, शेयरमा गरेको लगानी चलायमान हुनु पर्दछ ।

कोभिड-१९ का कारण प्रतिफल केही घटेको देखिएकोले अर्को साल नघटाउन र बार्षिक साधारण सभा समयमा गर्न अनुरोध गर्दछौं । बार्षिक प्रतिवेदन नेपाली भाषामा आउनु स्वागत योग्य छ । बितरण गर्न बांकी रहेको लाभांश रकमको विस्तृत बिवरण हेर्ने व्यवस्था गर्नुहुन र हाललाई सञ्चालकहरुको भत्ता बढाउने कार्य स्थगित गर्ने सुभावहरु पेश गर्नु भयो ।

शेयरधनीहरुले नयां प्रमुख कार्यकारी अधिकृतज्यूलाई बधाई दिंदै संस्थालाई मर्जमा जान वा अन्य साना संस्थाहरुलाई मर्ज गरी सवल बैंक बन्नु पर्ने बताउनु भयो । NPL घटाउनु पर्ने, नाफामा जान सक्ने ठाउंका शाखाहरुलाई बढावा दिनुपर्ने, मानवश्रोत उत्प्रेरणामा जोड दिनु पर्ने, खर्च घटाई नाफा बृद्धि गर्ने तर्फ लाग्न सुझाव प्राप्त भयो ।

कर्जा नोक्सानी व्यवस्था बाणिज्य बैंककै हाराहारीमा पुगेको देखिएकोले सामान्य अवस्थामा ल्याउन विशेष पहल हुनुपर्ने, निक्षेपमा कमि देखिएपनि आत्तिनु पर्ने अवस्था नरहेको देखिन्छ, व्यवस्थापन खर्च बढ्न गएको देखिएकोले आगामी बर्ष सो खर्चलाई यथावत राखि आम्दानिलाई बढाएर लाभांश दिन सभामा प्रस्तुत गर्नु भएको छ ।

१४. **शेयरधनीहरुको जिज्ञासा उपर अध्यक्षज्युबाट जबाफ:**

यस सम्बन्धमा शेयरधनीहरुले आ–आफ्नो सल्लाह, सुझाव, मन्तब्य राख्ने कार्य समाप्त भएपछि अध्यक्षज्युले शेयरधनीहरुबाट प्राप्त अमुल्य सल्लाह, सुझाव प्रति धन्यवाद दिदै प्राप्त सल्लाह, सुझाव बमोजिम बैंक अगाडि बढने विश्वास दिलाउंदै सभामा उठेका प्रश्नहरुको निम्न बमोजिम जवाफ दिनु भयो ।

शेयरधनीहरुवाट आएको मुख्य सुझावमा बैंकको व्यवसाय बृद्धि हुनु पर्ने कुरामा जोड दिएको पाइयो । अवश्यपनि संस्थाले मुनाफालाई आफ्नो पहिलो प्राथमिकतामा राख्नै पर्छ । शेयरधनीको सम्पत्ती

Wealth Maximaizion मा बैकको Focus हुनैपर्छ । यस कार्यमा हाम्रो केही कमी देखिएको भएतापनि यसमा सुधार गर्न लागी परेका छौ । बैंकको मुख्य आम्दानीको श्रोत भनेको नै ऋणीहरुले बुझाउने व्याज आम्दानी नै भएकोले कोभिड-१९ का कारणले बैंकले करिब एघार करोड ब्याजमा छुट दिनु पर्‍यो र सुन कर्जाको कारण थप दुई प्रतिशत रकम प्रोभिजन गर्नु पर्‍यो, जसले गर्दा करिव पांच प्रतिशत नाफा थप हुनसक्ने अवस्था थियो । तर यस बैंकका ऋणीहरुको लागि बैंकले ने.रा.बैंकको निर्देशन अगावै ब्याजमा केहि राहत दिनको लागि पहल गरेको र सो बमोजिम ऋणीहरुलाई ब्याज छुटमा सक्दो सहयोग गरेका छौ । विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ का कारण व्यापार व्यवसायमा तत्कालको लागि केही फरक परेको देखिएतापनि संस्था भनेको अभिछिन्न रुपमा चल्ने भएकोले संस्थाले सवैभन्दा पहिला आफ्ना ग्राहक, त्यसपछि कर्मचारी, शेयरहोल्डर सवैको दिर्घकालीन चासोलाई सुरक्षा गर्नको लागि यस्ता कार्यहरु गर्न आवश्यक पनि हुन्छ । जहांसम्म हामी यथास्थितीमा बस्ने कि बाणिज्य बैंकमा जाने भन्ने बिषयका सम्वन्धमा सर्वप्रथम हामी बलियो संस्थाको रुपमा विकाश हुने हो त्यसपछि Strategic Necessity को आधारमा "क" वर्गको संस्थामा जान सक्छौं । तर अहिलेको हाम्रो प्राथमिकता भनेको संस्था बलियो हुनु हो । संस्था बलियो बनाउन केहि समय लाग्न सक्छ र सो बमोजिम हामी संस्था बलियो बनाउन केही बर्ष देखि प्रयासरत रहेका कारण यसको राम्रो परिणाम देखिन थालेकोछ ।

बैंकको रिजर्भमा बढी रकम भएमा हामी अझ बढी बलियो र सक्षम बन्न सक्छौं । कोभिड-१९, ने.रा.बैंकको निर्देशन तथा प्रोभिजनमा केही रकम छुट्याउनु परेको कारण यो बर्षको आम्दानीमा केही कमी आएको हो, जस्ले गर्दा दोहोरो अंकमा दिई आएको लाभांशको दर केही घट्न गएको भएतापनि आगामी बर्षहरुमा हामी दोहोरो अंकमा शेयरधनीहरुलाई लाभांश वितरण गर्न प्रयासरत रहनेछौ । बैंकको कर्जा असुलीलाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेका छौं । बजारमा धेरै तरलता हुंदा केही व्यापार अन्य बैंक बित्तीय संस्थामा गएतापनी यस बैंकको नीति बमोजिम त्यस्ता कर्जाहरु सहज अवस्थामा ल्याईसकेका छौ । बैंकको प्रमुख कार्यकारी अधिकृतमा बाणिज्य बैंकमा लामो समय अनुभव प्राप्त भएका व्यक्ति नियुक्त हुनुभएको र वहां आए पश्चात व्यापार, ब्यावसायमा केही बृद्धिको संकेत देखिन थालिसकेको छ । सुन कर्जामा देखिएको समस्यालाई हामीले न्यूनिकरण गर्ने तर्फ लागी सकेका कारण यस्मा देखिएको समस्या चांडै अन्त्य हुनेमा हामी विस्वस्त छौं । बैंकको प्रमुख उदेश्य भनेको नाफा बृद्धि गरी शेयरधनीहरुलाई उचित प्रतिफल दिने नै हो । त्यस अनुरुप गैह्र बैंकिंग सम्पत्ति बिकी, तथा NPA घटाउन योजना बनाई ब्यवस्थापनले कार्य गरीरहेकाले NPA घटने कममा रहेको, र गैह्र बैंकिंग सम्पत्ती बिकी हुने क्रममा रहेकोले सो बाट प्राप्त रकम रिर्जभमा जाने र नाफामा समाबेश हुने भएकाले त्यस तर्फ बिशेष जोड दिएका छौ । मानब संसाधन बैंकको मेरुदण्ड भएकाले राम्रो कर्मचारीहरुलाई Incentive बितरण गर्ने निति लिएको र तालीमको उचीत प्रबन्ध मिलाएका छौ ।

बैंककको प्रगतिका लागी शेयरधनीहरुले जुनसुकै समयमा पनि सल्लाह सुझाव, दिन सक्ने ब्यहोरा अनुरोध गर्दछु । शेयरधनीहरुको उचित सल्लाह, सुझाबले आगामी दिनमा बैंकले अझै प्रगति गर्दै जानेछ भन्ने बिश्वास लिदै शेयरधनीहरुले साधारण सभामा उपस्थिति भै आफ्नो अमुल्य समय दिई बैंकलाई सल्लाह, सुझाव दिएकोमा धन्यवाद दिन चाहान्छौ । यहांहरुको सल्लाह, सुझावलाई आत्मसाथ गरी अगाडि बढने छौ । अन्तमा उपस्थित शेयरधनी महानुभावहरु, सञ्चालक, कर्मचारी वर्ग, सबैलाई धन्यबाद दिदै सभामा पेश भएका प्रस्ताबहरु पारीत गर्न आदरणिय शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछु ।

१५. **छलफलको क्रम समाप्ती :**शेयरधनीहरुले राखेको जिज्ञासा, सल्लाह, सुझावहरुको सम्बन्धमा सभाका अध्यक्षले जबाफ दिनु भए पश्चात अध्यक्षज्युको अनुमतिले कम्पनी सचिवले छलफलका बिषयबस्तुहरु समाप्त भएको सभालाई जानकारी गराउनु भयो ।

१६. **सभामा पेश भएका प्रस्ताव र पारीत निर्णयहरु**

**(१) सामान्य प्रस्ताब :**

(क) अध्यक्षज्यूको मन्तब्य सहित उन्नाइसौं वार्षिक साधारण सभा (आ.व.२०७६/७७) को प्रयोजनका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा अध्यक्षज्युले निर्णयार्थ सभामा पेश गर्नु भएकोमा उक्त प्रस्ताव शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ साल आषाढ मसान्तको वासलात, तथा आ.ब.२०७६/ ७७ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु पारित गर्ने सम्बन्धमा पेश भएको प्रस्ताब छलफल पश्चात शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(ग) कम्पनी ऐन २०६३ को दफा १११ तथा बैंङ्क तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ बमोजिम आर्थिक वर्ष २०७७/७८ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुदा लेखापरीक्षण समितिबाट आ.व.२०७७/७८ का लागी लेखापरीक्षकमा सिफारीस भएका श्री T.R Upadhya & Co Chartered Accountants लाई नियुक्ति गर्ने र पारीश्रमिक बापत रु.१०,००,०००।–(अक्षरेपी दस लाख मात्र) (लेखापरीक्षक शूल्क,कर लेखापरीक्षण, लंगफर्म अडिट रिपोर्ट, दफा ७८ प्रमाणिकरण तथा OPE समेत) (कर बाहेक) भुक्तानी दिने सिफारिस सहितको प्रस्तावलाई शेयधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(घ) सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि तथा थप गर्ने सम्बन्धी निम्न बमोजिमको प्रस्ताबलाई सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

**सञ्चालकको बैठक भत्ता र अन्य सुविधा सम्बन्धी व्यवस्था:**

**नियम २९** (ख) समितिको बैठकमा उपस्थित भए, वापत संचालकले पाउने बैठक भत्ता र सुबिधा देहाय बमोजिम हुनेछ :

(१) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र सञ्चालकले पाउने बैठक भत्ता क्रमस रु.१५,०००।-(अक्षरेपी पन्ध्र हजार मात्र) र रु.१३,००००।– (अक्षरेपी तेह्र हजार मात्र) हुनेछ ।

(२) अध्यक्ष र सञ्चालकहरुलाई टेलिफोन सुबिधा बापत मासीक रु.४,०००।– (अक्षरेपी चार हजार मात्र), पत्रपत्रीका सुबिधा वापत मासीक रु.२,०००।– (अक्षरेपी दुई हजार मात्र), र ईन्टरनेट सुबिधा बापत मासीक रु ३,०००।–(अक्षरेपी तिन हजार मात्र) रकम प्रदान गरीनेछ ।

**सञ्चालकको दैनिक भत्ता, भ्रमण खर्च र अन्य सुविधा सम्बन्धी व्यवस्था:**

**नियम २९** (घ) विकास बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य सुबिधा देहाय बमोजिम हुनेछ :–

**(अ)** स्वदेशमा दैनिक भत्ता **रु.**१२,०००।–,भारतमा दैनिक भत्ता भारु १२,०००।–, भारत बाहेकका अन्य बिदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर ३००।– ।

**(आ)** विकास बैंकको कामको सिलसिलामा अध्यक्ष तथा सञ्चालक स्वदेश तथा बिदेश भ्रमणमा जानुपर्ने भएमा परिबहन खर्च, हवाई टिकट, भिषा शुल्क, र अन्य खर्च बील बमोजिमको रकम हुनेछ ।

(ङ) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७६/०७७ को मुनाफा तथा संचित रकमबाट बैंकको हाल चुक्ता पूंजीको ०.४६ (दशमलव पछि २ अंक मात्र उल्लेख गरिएको) प्रतिशत अर्थात रु. १,४२,२८,४९४/–(एक करोड बयालीस लाख अठ्ठाईस हजार चार सय चौरानब्बे) बोनस सेयरमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्ने प्रस्ताव शेयरधनिहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

२. विशेष प्रस्ताव

(क) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७६/७७ को मुनाफा तथा संचित रकमबाट शेयरधनीहरुलाई हाल कायम रहेको चुक्ता पूंजीको ८.८० (दशमलव पछि २ अंक मात्र उल्लेख गरिएको) प्रतिशत अर्थात रु.२७,०३,४१,३९६।– (अक्षरेपी सत्ताईस करोड तिन लाख एकचालीस हजार तिन सय छ्यानब्बे)बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धमा पेश भएको प्रस्ताब शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(ख) विकास बैंकको संचालक समितिको निर्णय तथा ने.रा.बैंकको मिति २०७७/११/१७ को स्वीकृत पत्र बमोजिम शेयर स्वामित्व परिवर्तन गरी संस्थापक समूहको ५१ प्रतिशत र सर्वसाधारण समुहको ४९ प्रतिशत कायम गर्ने प्रस्ताव पारित गर्ने (हाल संस्थापक शेयरधनीको स्वामीत्व ५२.४९ र सर्बसाधारण शेयरधनिको स्वामीत्व ४७.५१ प्रतिशत कायम रहेको) सम्बन्धमा पेश भएको प्रस्ताव शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(ग) विकास बैंकले सहायक कम्पनी स्थापना गरी विभिन्न थप सेवा प्रवाह गर्न सक्ने वा सहायक कम्पनी मार्फत लगानी गर्न सक्ने गरी विकास बैंकको प्रबन्धपत्रमा उद्देश्य प्राप्त गर्ने कार्यहरु थप गर्ने सम्बन्धमा पेश भएको प्रस्ताव शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(घ) विकास बैंकको सञ्चालक समितिको बैठक, साधारण सभा लगायतका बैठक तथा सभाहरु विद्युतीय माध्यमबाट समेत गर्न सक्ने गरी विकास बैंकको नियमावलीमा आवश्यक संशोधन, परिमार्जन तथा थप ब्यवस्थाहरु कायम गर्ने सम्बन्धमा पेश भएको प्रस्ताव शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(ङ) ऋण तथा डिबेन्चर उठाउन वा आवश्यकता अनुसार जारी गर्न सक्ने, र हकप्रद शेयरको हक हस्तान्तरण गर्न सक्ने सम्बन्धी ब्यवस्था नियमावलीमा संशोधन गर्ने तथा थप गर्ने सम्बन्धमा पेश भएको प्रस्ताव शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(च) प्रबन्धपत्रको दफा ४ को अ : ४, र अ: ५, दफा ५ (ख), (ग), दफा ५ (घ) (१) (२), दफा १२, नियमावलीको नियम ४ (३) नियम १० (२) नियम २९ (ख) को १, २, नियम २९ (घ) को (अ) (आ), नियम ३३ को (२) (३), र नियम ४३ समेतका दफा, नियमहरुमा संशोधन, थप, तथा परिमार्जन गर्ने सम्बन्धमा पेश भएको निम्न बमोजिमको प्रस्ताव शेयधनीहरुबाट सर्बसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

**प्रबन्धपत्रमा संशोधन, थप तथा परिमार्जन भएका ब्यवस्थाहरु**

**दफा ४ को अ: ४** मर्चेन्ट बैंकिङ्ग सम्बन्धि कार्य गर्न सहायक कम्पनी खोल्ने, साथै अन्य मर्चेन्ट बैकिङ्ग कम्पनीसंग लगानी गर्न सक्ने ।

**दफा ४ को अ: ५** सम्बन्धित निकायको स्वीकृति लिई बैंक आफै वा सहायक कम्पनी मार्फत शेयर ब्रोकरेज सम्बन्धि कार्य गर्ने ।

**दफा ५ (ख)** विकास बैकको जारी पूँजी रू.३,३४,२४,०२,७२४/–(अक्षरेपी तीन अरब चौत्तिस करोड चौबिस लाख दुई हजार सात सय चौबिस मात्र) हुनेछ । सो पुँजी लाई प्रति सेयर रु.१००/-दरका ३,३४,२४,०२७.२४ (तीन करोड चौत्तिस लाख चौबिस हजार सत्ताईस दशमलब चौबिस मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ५ (ग)** विकास बैकको चुक्ता पूँजी रू.३,३४,२४,०२,७२४/–(अक्षरेपी तीन अरब चौत्तिस करोड चौबिस लाख दुई हजार सात सय चौबिस मात्र) हुनेछ ।

**दफा ५.(घ) बिकाश बैंकको चुक्ता पूँजीको समूहगत शेयर स्वामित्व देहाय अनुसार हुनेछ :–**

(१) संस्थापक समुहको शेयर स्वामीत्व ५१ प्रतिशत हुनेछ ।

(२) सर्वसाधारण समूहको शेयर स्वामित्व ४९ प्रतिशत हुनेछ ।

**दफा १२** संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या : महालक्ष्मी बिकास बैंक लिमिटेड (ख) बर्गको राष्ट्रियस्तरको) का हामी संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कबुल गरी देहायका साक्षीको रोहबरमा यस प्रबन्धपत्रमा सहीछाप गरेका छौ । (संस्थापकहरुको नाम, शेयर कित्ता, सहितको बिबरण संलग्न बमोजिम हुनेछ) ।

**नियमावलीमा संशोधन, थप तथा परिमार्जन भएका नियमहरु:**

**नियम ४ (३)** यस विकास बैंकको वार्षिक साधारण सभा गर्नका लागि सञ्चालक समितिको बहुमतले निर्णय गरी सञ्चालक समितिको अध्यक्षले कम्तिमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै साधारण सभा हुने ठाउं, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइनेछ । बैंकको बार्षिक साधारण सभा शेयरधनीहरुको भिडियो कन्फ्रेन्स वा त्यस्तै प्रकारको अन्य विद्युतीय प्रविधिको माध्यमबाट हुने उपस्थितिमा समेत बस्न सक्नेछ ।

**नियम १० (२)** सञ्चालक समितिको बैठकमा सञ्चालकहरु स्वयम् उपस्थित हुनुपर्नेछ । सञ्चालक समितिको बैठक भिडियो कन्फ्रेन्स वा त्यस्तै प्रकारको अन्य विद्युतीय प्रविधि प्रयोग गरेर समेत बस्न सकिनेछ ।

**नियम २९ (ख)** समितिको बैठकमा उपस्थित भए, वापत संचालकले पाउने बैठक भत्ता र सुबिधा देहाय बमोजिम हुनेछ ।

(१) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र सञ्चालकले पाउने बैठक भत्ता क्रमस: रु.१५,०००।- (अक्षरेपी पन्ध्र हजार मात्र) र रु.१३,०००।– (अक्षरेपी तेह्र हजार मात्र) हुनेछ ।

(२) अध्यक्ष र सञ्चालकले टेलिफोन सुबिधा बापत मासीक रु.४,०००।–(अक्षरेपी चार हजार मात्र), पत्रपत्रीका सुबिधा वापत मासीक रु.२,०००।–(अक्षरेपी दुई हजार मात्र) र इन्टरनेट सुबिधा बापत मासीक रु.३,०००।–(अक्षरेपी तिन हजार मात्र) रकम प्रदान गरीनेछ ।

**नियम २९** (घ) विकास बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य सुबिधा देहाय बमोजिम हुनेछ :

(अ) स्वदेशमा दैनिक भत्ता रु.१२,०००।– भारतमा दैनिक भत्ता भारु. १२,०००।–, भारत बाहेकका अन्य बिदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर ३००।–

(आ) विकास बैंकको कामको सिलसिलामा अध्यक्ष तथा सञ्चालक स्वदेश तथा बिदेश भ्रमणमा जानुपर्ने भएमा परिबहन खर्च, हवाई टिकट, भिषा शुल्क, र अन्य खर्च बील बमोजिमको रकम हुनेछ ।

**नियम ३३ ऋण वा डिबेन्चर तथा हकप्रद शेयर सम्बन्धी व्यवस्था**

**नियम ३३ (२)** बिकास बैंकले ऋण तथा डिबेन्चर उठाउन वा आवश्यकता अनुसार जारी गर्न आवश्यक ठानेमा प्रचलित कम्पनी सम्बन्धि कानून, धितोपत्र सम्बन्धि कानून, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धि कानून तथा अन्य प्रचलित कानुनमा भएको व्यवस्थाको अधिनमा रही संचालक समितिको निर्णय बमोजिम ऋण, डिबेन्चर उठाउन वा जारी गर्न सक्नेछ ।

**नियम ३३ (३) (क)** संस्थापक शेयरधनीहरुले हकप्रद शेयरको हक हस्तान्तरण गर्दाका बखतमा प्रचलित कानून नियम तथा नियमनकारी निकायहरुको निर्देशन बमोजिम संस्थापक हुन योग्य व्यक्तिलाई हक हस्तान्तरण गर्न सक्नेछन् ।

**नियम ३३ (३) (ख)** सर्वसाधारण शेयरधनीहरुले हकप्रद शेयरको हक हस्तान्तरण प्रचलिन कानून, नियम तथा नियमनकारी निकायको निर्देशनहरुको अधिनमा रही गर्न सक्नेछन् ।

**नियम ४३ संस्थापकले तत्काल लिन कबुल गरेका शेयर संख्या** : महालक्ष्मी बिकास बैंक लिमिटेड (ख बर्गको राष्ट्रियस्तरको) का हामी संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कबुल गरी देहायका साक्षीको रोहबरमा यस नियमावलीमा सहीछाप गरेका छौ । (संस्थापकहरुको नाम, शेयर कित्ता, सहितको बिबरण संलग्न बमोजिम हुनेछ)

(छ) यस महालक्ष्मी बिकास बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा प्राप्ती/गाभ्ने वा गाभिने (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक वित्तीय संस्था पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निबेदन दिने, बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्त्ता, लेखापरीक्षक नियुक्त गर्ने, र निजको पारिश्रमिक निर्धारण गर्ने, तथा Acquisition /Merger संग सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव शेयरधनिहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(ज) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन, परिवर्तन, वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(झ) विविध : छलफल गरीने बिषयहरु नभएको ।

१७. धन्यबाद तथा सभा समापन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्युले उपस्थित सबै शेयरधनी महानूभाबहरुले virtual Zoom मार्फत तथा सभामा सक्रिय रुपमा सहभागी भई बैंकको काम कारबाहीका सम्बन्धमा बैंकलाई गहकिला सुझाव, सल्लाह दिनू भई सभामा पेश भएका सामान्य र बिशेष प्रस्ताव पारीत गर्नु भएकोमा वहांहरु प्रति आभार प्रकट गर्दै virtual Zoom मार्फत तथा सभामा उपस्थित हुनु भएका सञ्चालक, बैंक व्यवस्थापन, कर्मचारीहरु, आफ्नो अमुल्य समय दिई उपस्थित हुनु हुने शेयरधनी महानुभावहरु लगायत नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लीयरिङ्ग लि.तथा विभिन्न संघसंस्थाहरू, लेखापरीक्षकलाई हार्दिक धन्यबाद दिदै आजको उन्नाईसौ वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

..................
सोमराज पन्त
(कम्पनि सचिब)

....................
राजेश उपाध्याय
(अध्यक्ष–सञ्चालक समिति)